सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुङ्गाना

आदेश

०७६-RE-००२७

विषयः- वेरीतको आदेश बदर गरी पाउँ।

नेपाल सरकार ---------------------------------------------------------- निवेदक

विरुद्ध

प्रेम प्रकाश ओली ---------------------------------------------------------- विपक्षी

मुद्दाः- बैंकिङ्ग कसूर ।

प्रेषित निवेदन प्रतिवेदन अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान सह-न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले गर्नु भएको बहससमेत सुनियो।

श्री उच्च अदालत सुर्खेत के.

यसमा प्रतिवादी प्रेमप्रकाश ओलीका विरुद्ध बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिम कारवाही गरी पाउन किटानी जाहेरी परी निजलाई पक्राउ गरी अनुसन्धानको काम अगाडी बढाउन पक्राउ पूर्जी जारी गर्न अनुमति माग गरेको विषयलाई विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क को हवाला दिई पक्राउ पूर्जी जारी गर्न मिल्ने देखिएन भनी ताँहा अदालतबाट मिति २०७५।१२।१४ मा भएको आदेश बेरित पूर्ण देखिंदा बदर गरिदिएको छ। अब निज प्रतिवादी उपर परेको जाहरी बमोजिम बैंकिङ्ग कसूर मुद्दामा कानून बमोजिम अनुसन्धान कार्य अगाडि बढाउन पक्राउ पूर्जी जारी गर्न अनुमति लगायत जे जसो गर्नु पर्ने हो गर्नुहोला।—

न्यायाधीश न्यायाधीश

इति संवत् २०७६ साल माघ १० गते रोज ६ शुभम् ----------------------------------।

Scanned with CamScanner